# पचाल झरना गाउँपालिका जारकोट कालिकोट

# सार्वजनीक सुवाई तथा बार्षिक समिक्षा कार्यक्रम

# ( २०७५ माघ २ गते )

सार्वजनीक सुनुवाई तथा वार्षिक समिक्षा कार्यक्रमा उपस्थित हुनु भएका …….. अथिती …… राजनितीकदलका प्रतिनिधी सम्पुर्ण जनप्रतिनिधी, विभागीय प्रमुख, पत्रकार, सुरक्षाकर्मी, शिक्षक, वद्धिजिवी लगाएत यस गाउँपालिकाका भरिका आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु आज ठिक एक वर्षको अन्तराल पछि यस गाउँपालिकामा भए गरेका काम कार्वाहीहरुको लेखाजोखा एवं समिक्षा गर्न गइरहेका छौ । यस अबसरमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै । आजको यो तीन तहको संघिय व्यावस्था ल्याउनका निम्ती जिवनको बलिदान गर्नु हुने महान सहीदहरु प्रति हार्दिक श्रद्धानजली अर्पर्ण गर्न चाहान्छु ।साथै घाइते योद्धाहरु लाई सम्मानका साथ नमन् चाहान्छू ।

समिक्षा भनेकै भएगरेका कामकार्वाहीरुमा रहेका समास्याहरुको टिप्पणी हो । जुन टिप्पणीले भावी योजनामा शिक्षा र एक मार्गदर्शक बनोस । समस्या र कमजोरीलाई फुटबलको रुपमा प्रयोग गरिनु हुदैन । आफ्नो कोणबाट अरुतिर फाल्ने मात्र गरिनु हुदैन । हामी यस गाउँपालिकाका सबै जिम्मेवार हुनुको नाताले समस्याहरुलाई शिक्षाको रुपमा लिदै *“ठेस लागे वुद्धि पलाउँछ”* भनेझै सबैका दिमागी वुद्धिहरु केन्द्रित गरिनु पर्दछ । हो धेरै लामो समयपछी अधिकार सहितको स्थानीय तह हामीसित छ । हाम्रा अपेक्षाहरु धेरै छन । हाम्रा चाहाना, आवश्यकताहरु सम्बोधन गर्ने सवालमा नपुगेका पनी हुन सक्छन । यसर्थ यहाँहरु सबैको रचनात्मक सुझाबको खाँचो छ ।यस तहमा हामीले जिम्मेवारी लिए देखि नै यो कुराको थालनी गरेका छौ । पालिकाको मुख्य बोडी कार्यपालिका र समग्र व्यवस्थापिका को टिममा एकमतका शाथ बढिरहेका छौ । विवाद र असहमती छैनन । सहमती सहकार्य र एकरुपताका साथ बढीरहेको जानकारी गराउन चाहान्छौ ।

# क) पृष्ठभुमी (Background)

नेपाली खस भाषाको उदगमस्थल कर्णाली को सिजा वेल्ड सित जोडीयको पलाता र विगतको पलाता वेल्ड हालको कालिकोट जिल्लाको पलाता र पचालझरना गाउँपालिका रहेका छन । यहा आफ्नै मौलीक सांस्कृतिक पहिचान जैविक विबिधता , प्राकृतीक सुन्दरता र स्रोत साधनले भरीपुर्ण छ । पचाल झरना गाउँपालिका सावीकको राम्नाकोट , नानीकोट र आधा भन्दा बढी बदालकोटको सिकु मिलायर बनेको छ र जिल्लाकै पहिचान र गौरव ३८१ मि. अग्लो पचालझरनाको नामबाट नामाकरण भएको गाउँपालिका पर्यटकीय एवं धार्मीक सांस्कृतीक रुपले एक केन्द्रकै रुपमा परिचीत छ । १६६.९२ वर्ग किलोमिटर भु-भागमा फैलीयको यो गाउँपालिका पुर्वमा पलाता , पश्चिममा रास्कोट उत्तरमा बाजुरा र दक्षिणमा खाडाचक्रले घेरीएयको छ । समुन्द्री सतहदेखी ९७० मिटर उचाइमा रहेका गाउँपालिका कालीकोटका अग्ला हिमाल पुग र चुली पनी यसै मा जोडीयका छन । भारतको रुपडीयावाट हुम्लाको हिल्सा जोड्ने कर्णाली करीडोरले यस गाउँपालिकाको एकसाइड छिचोलेर गएको छ । यसले केही सम्भावनाका ढोका समेत खोली दिएको छ गाउँपालिकाको विच भागमा च्यातेर देशकै अग्लो लामो कर्णाली नदी आफ्नै गतीमा गतिवान छ । खासगरी - झरना , हिमाल , चट्टानीपहाड लेकाली मैदान फाट , प्राचीन स्थल मठ मन्दीर प्रातात्वीक महत्वका धार्मीक तथा पर्यटकीय स्थल , लेकभरी हिमाली जडीबुडी बन्यजन्तु यहाका मुख्य पहिचान रहेकाछन ।

## ख) बिगत डेढ वर्षे अवधिको समिक्षा

संविधानको भावना अनुसार पुर्ण संरक्षीत स्थानीय तहको अधिकार र जिम्मेवारी को सन्दर्भमा यो डेड वर्षको अवधी अनुभव , सिकाई को रहेको छ । यो भन्दा अगाडी २ वटा गाउँशभा सम्पन्न भइसकेकाछन । हरेक गाउँशभामा निती तथा कार्यक्रमको रुपमा कार्यरत प्रस्तुत गर्न र शोही आधारमा कार्यक्रमको विकास गरी व्यावस्थीत एवं योजनावद्ध रुपले गाउँपालिका अगाडी बढ्ने गरेको छ । योजना व्यात्तीगत मागका आधारमा नभई आवश्यकताको पहिचान गरी वजेटीङ गर्ने गरीयको छ । जसले गाउँपालिका भरी सन्तुलीत रुपले बिकासका काम कार्वाही अगाडी बढाउन सजिलो भएको छ ।

## ग) उपलब्धिहरु :-

गत साल असारको गाउँसभामा हुँदै यो वर्षको गाउँसभामा र यहाँ सम्म आउदा गाउँपालिकाको समग्र विकास गर्न र उपलब्धी हासील गर्ने रुपले हेर्दा गाउँपालिकालाई तडक भडक प्रचार प्रसारमा मात्र नभई व्यावस्थीत रुपले विकास गर्न यहाँका समाज क्षेत्रमा ध्यान दिइएको छ। " समृद्ध पचाल झरना हाम्रो चाहना भन्ने " लक्ष्य राखेर आगमी ३ वर्ष भित्र परिणाम देखाउनेगरी कामकार्वाही केन्द्रीत गरीएको छ। भौगोलीक रुपले असाध्यै विकट पाखो खेतीवारी -सुख्खा क्षेत्र जहिलेपनी खडेरीले सताइ राख्ने आकास हेरी धर्ती चिर्नु पर्ने यहाका किसान हरुको बाध्यात्मक स्थीती हुनुले जनजिवन असाध्यै कष्टकर र आयश्रोत न्यून अवस्थामा रहेको छ र यसैले यहाका स्वास्थ्य , शिक्षा , कृषी पशु सडक सञ्जाल , खानेपानी , शिचाईकुलो , विद्युत संञ्चार सेवा बनपैदावार लगायतका समग्र क्षेत्रमा जिरोबाट सुरुवात गरी व्यवस्थीत गर्नु पर्ने चुनौती छन्। यो डेढ वर्षको अवधीमा निम्न उपलब्धी रहेकाछन्।

- ❖ सवैभन्दा प्रमुख चुनौतीको रुपमा रहेको पचालझरना लाई एसियाकै अग्लो झरनाको रुपमा कायम गराउनु हो। यसलाई कायम गर्न पचाल झरना पदयात्रा , पचालझरना पर्यटन तथा सास्कृतीक महोत्सव अन्य प्रचारका गतीवीधी , माउन्टेन टि.भी. मा १ वर्ष गरीरहेको प्रचार सहित पर्यटन मन्त्री समक्ष पेश गरीयको ज्ञापन पत्रका आधारमा हाल देशभरीका १०० गन्तव्यमा पचाल झरना पर्न सफल हुनु यो मुख्य र पहिलो सफलता हो। अब यसले नेपाल सरकारको प्रकृयामा औपचारीकता पायको छ। भावी दिनहरुमा यो कार्यलाई जतीसक्दो निष्कर्समा पुऱ्याउनु पहिलो जिम्मेवारी हुनेछ।
- ❖ स्वास्थ्य क्षेत्रलाई व्यवस्थीत गर्न उद्देश्य अनुरुप सवै वडाहरुमा स्वास्थ्य चौकीको अवधारणा अनुरुप सम्पुर्ण वडा हरुमा कर्मचारी व्यावस्थापन सहित वडा स्वास्थ्यचौकी स्थापनाको प्रकृया अगाडी बढाइएको छ। भने पालीका स्थरमा रहेको जारकोटको स्वास्थ्य चौकीमा ल्याव सेवा सहित २४ औ घन्टा सेवा सुचारु गरीयको छ र आगामी दिनमा हाम्रो मागवमोजीम प्रदेश सरकारको योजनामा यसलाई १५ औ शैयाको हस्पीटल निर्माण प्रकृया पनी एकै साथ वढीरहेको छ। जसले यहाका समग्र श्वास्थ्य क्षेत्रमा देखीयका समस्या समाधान हुनेछन।
- ❖ सुरक्षा स्थीती लाई मध्यनजर गर्दै कालीकोटका सम्पर्ण स्थानीय तहमध्य सरक्षा पोष्ट खाली भएको हाम्रो पालीकामा द्रोसो गाउँ शभामा माग बमोजिम इलामा प्र.का. स्थापना भएको छ। साथमा वडा नं ९ कोटीलामा चौकी समेत स्थापना भईसकेको छ।
- ❖ शिक्षा क्षेत्रलाई व्यावस्थीत गर्न :- श्रोत व्यात्तीको जिम्मेवारी सहीत शैक्षीक संस्थालाई व्यावस्थीत गर्न खोजीएको छ। विद्यालयमा बायोमेट्रीक हाजिरी प्रणाली जडान, जिरो दरबन्दी का विद्यालयहरुमा विद्यार्थी र शिक्षकको स्थिती हेरी नयाँ दरबन्दी कायम गरीयो।
- ❖ शैक्षीक गोष्टी तालीम गर्ने उद्देश्य सहित ठोस योजना कार्यन्वयनको प्रकृयामा छ।

- ❖ यो वर्षमै ज्ञानोदय मा.वि. मा कृषी विज्ञानको स्थापना र पढाइ सुचारु भएको छ ।
- ❖ अन्य फिल्ड निर्माण , ट्वाइलेट समेत सम्भारका कार्य समेत एकसाथ अगाडी बढेका छन ।
- ❖ गाउँपालिका भरी खाने पानी लाई व्यावस्थीत गर्न उद्देश्य अनुरुप गतसाल वाटै मिटर सहितका एकघर एकधारा जडान गर्ने गरी पालीका भरी चार वटा वडाका ५ वटा स्कीममा कार्य सम्पन्न हुदैछ । वडा नं ९ मा  यही वर्ष २ वटा स्कीममा सम्पन्न गर्ने गरी थालनी भएको छ अन्य वडा नं १, ३, ५,८, वडाहरुमा वृहत खानेपानी आयोजना सर्वे प्रकृया  प्रदेश सरकार मार्फत सम्पन्न भएको छ ।
- ❖ पाँचवर्षे अवधिक योजनाको काम सपन्न भएको छ भने यही वर्ष भित्र समग्र गाउँपालिकाको डिपिआर गरी सबै प्रकृया सपन्न गरीने छ, साथै प्रोफाईल पनि निमार्ण गरिनेन्छ ।
- ❖ भिडियो, डकुमेन्टी गाउँपालिकाको मोबाई एप्स निमार्ण समेत एकैशाथ अगाडी बढेकोछ ।
- ❖ गाउँपालिका स्थरमा गतसाल सार्वजनिका सुनुवाई गरीयो त्यसपछी   यो वर्षको सूरुमै ९ ओटै वडामा सार्वजनीक सुनुवाई सम्पन्न भयो अब  यति खेर पालिका स्थरमा सार्वजनिक सुनुवाई तथा वार्षिक समिक्षा तुरुन्तै गरिने छ ।
- ❖ यो बिचमा महिलाहरुको समस्यालाई ध्यान दिदै स्त्रीरोग विषेशयज्ञ को उपस्थितिमा यहि महिना १४ र १५ गते शिविर सम्पन्न भयो ।सो शिविरमा ४५५ जना महीलाहरुको स्वास्थ्य चेकजाँच भयो । जसमध्येका १५ जना महिलाहरुको अप्रेशन गर्नुपर्ने देखिएकाले कर्णाली स्वास्थ विज्ञान प्रतिष्ठान मा सम्पर्क गरी उपचार सम्पन्न गर्ने व्यावस्था मिलाईने छ ।
- ❖ वडलिङ कम्निकेशन प्रा.लि.को सर्पोर्डमा गाउँपालिका वर्डा कार्यालय, स्वास्थ्य चौकी, माध्यामिका विद्यालयहरुमा इन्ट्रनेट सेवा जडान गरी केहीमा सुचारु गरीएको छ ।
- ❖ अन्य विद्यालय, स्वास्थ्य संस्था र साइडका गाउँ वस्तीहरुमा सुधार, समेत नया निमार्णका योजना समेत सम्पन्न भएका छन ।
- ❖ सिंचाईलाई व्यावस्थीत गर्न कुलो निर्माण , मर्मत पोखरी निर्माण का कार्य अगाडी बढाइयको छ । जारकोट मर्ममा लिफ्ट प्रविधीबाट पानी कर्णाली नदीवाट ल्याइयको छ । अन्य स्थानहरुमा पनी यो वर्ष प्रकृया अगाडी बढ्ने छ ।
- ❖ सडक गत सालको गाउँ शभा सगै सुरुवात गरीयको सडक निर्माण कार्य १५ किलोमिटर निमार्ण भएको छ । खासगरी भैशेसैन ठाटी , डौठे पणेक्षा , भुरावगर सर्का, लाफा पणेक्षाका सडकहरु मुख्य हुन अब बाँकी प्रकृया लाफादेखी खार्दु , कैफु देखी बाफ्कोट का सडक यही वर्ष सुचारु गरीने छ । यस सवालमा सम्पन्न भएका सडक हरुको स्थर उन्नती गर्दै व्यावस्थीत गर्न र नया निमार्ण गर्दै अगाडी बढ्ने लक्ष्य रहेको छ ।
- ❖ सडक विस्तार संग जोडीयको पक्कीपुल निर्माणको कार्यपनी हाम्रो गाउँपालिका कर्णाली नदीले च्यातीयको दुई किनारामा हुनुले अघिल्लै गाउँशभा वाट दुईवटा पक्की पुलको माग

गरेबमोजिम , जारकोटमा अगाडी बाट नै सर्वे प्रकृया वढेकाले स्वएल टेष्ट गरी मुल्याङ्कन र ठेका प्रकृयाको संभारमा पुगेको छ भने डउठेमा यही वर्षवाट सर्भेको प्रकृया अगाडी बढ्ने छ।

- ❖ अन्य झुलुङ्गेपुल पनि गंखेत , घट्टेगाड पचालझरनामा सर्भे भर्खरै सम्पन्न भएको छ। क्रमस बाकी प्रकृया अगाडी बढ्ने छ।

## घ) समस्या र चुनौतीहरुः

- पहिलो वर्ष सिकाई अनुभव संगाल्ने वर्ष हुनुको नाताले चाहे जती कार्य हुन सकेन।
- कर्मचारी अभाव र दक्ष जनशक्तिको अभाव अहिले पनि कायमै रहेको छ।
- उपभोक्ता मुखी  विकास निमार्ण र वजेट हुँदा आफु जिम्मेवार हुने र काम सम्पन्न गर्नु भन्दा समितिहरुनै  उपयोगमुखी हुने समस्या।
- विकास निमार्ण नमुना बनाउने, काम सम्पन्न गर्ने भन्दा समितिको मुख्य पद लिने र रकम दुरुपयोग गर्ने तिर बढी केन्द्रीत हुने समस्या देखीयो।
- गाउँपालिकालाई अहिलेको स्थरमा बुझ्ने भन्दा विगतको गा.वि.स. कै स्थरमा बुझ्ने समस्या छ।
- बदलीएको स्थिती अहिलेको जिम्मेवारी काम कर्तव्य बुझने र सबैले आ-आफ्नो जिम्मेवारी पुरा गर्ने भन्दा सबैले दाउ हेर्ने र सुझाब सल्लाहको साटो आलोचना मै रमाउने आम प्रवृति छ ।
- हरेक विकासि काममा त्यसको समग्र अवस्था बुझने लागएत स्टमेट हेर्ने अनी काम सम्पन्न  के कसरी भएको हो नबुझिकनै काम सूरुवातै भएको हुदैन । पहिला अख्तियारमा मुद्धा दायर गरी कामै गर्न नदिइने वखेडा झिक्ने प्रवृति चरम छ ।
- कर्मचारी अभाव छ र सिङो कार्यालय झोलामा बोकी वडा अध्यक्षहरुले दिनरात नभनि जिम्मेवारी पुरा गरिरहनु भएकै छ  तरपनि  केही प्रतिपक्ष भन्ने शाथीहरुले हलो अड्काएर गोरु चुड्ने दाउ गरि नै रहेका छन ।
- योजनागत रुपमा प्रदेश सरकारद्धारा घोषीत योजनाहरुको  कार्यान्वयन  प्रकृया समयमै अख्तियारी नहुँदा समस्या देखियो जसले केही काम कार्वाही ढिलोसुस्ति र अन्यौलता पैदा गरेयो ।

## ङ) भावि कार्यक्रमहरुः

१६६.९२ वर्ग कि मी भुभाग ओगटेको हाम्रो गाउँपालिका विचभागमा कर्णाली नदीले च्यातेर दुई किनारामा भौगोलिक विभाजन गरिदिइएको छ । एका तिर जिमजेडी देखि काफल डाँडा सम्म जहाँ पचालझरना, चुली ,पुग र डंसिले हिमाल छन भने अर्को तिर तिर्खाति देखि लैफु सम्म जहाँ बयालझरना, वड्डादुन पंगेलीचौर छन । यो भौगोलिक जटिलता र विकटताका कारण सबै तिर काम एकैचोटी केहि गरौ भनेर चाहेर पनि गर्न सकिने अवस्था छैन । पाखो रुखो बस्ति सधै खडेरी ग्रस्त हुनुले सिंचाईको कुरा धेरै टाढा छ । खानेपानी समेत जोहो गर्नु पर्ने जटिलता छन यसकारण याहाँको योजना यहि स्तरबाट सोच्न जरुरी छ । हरेकमा वृहत र व्यावस्थित योजना नगराउने हो भने पुरानै शैली र निरन्तरता मात्र रहनेछ । यहाँ क्रमभंगता र छलाङ को आवश्यकता छ । यहाँका चुनौति र जटिलतालाई सम्भावना मा बदल्नै यो धेरै अवधी को भरपुर उपयोग गर्दै व्यावस्थित विकासको वेस बसाउन जरुरी छ ।

## १) आर्थिक विकास सम्बन्धमा :

गाउँपालिका लाई एक सुन्दर र समृद्ध गाउँपालिका निर्माणका निम्ती आर्थीक विकासमा बृद्धी नै यहाको समृद्धी हो । त्यसको लागी यहाका श्रोत र सम्भावना हरुको अध्यायन गरी समग्र योजना निर्माण गर्न जरुरी छ र खास गरी भौगोलिक विकटता परेका र सुख्खा वस्ती हुनुको नाताले यहाका समुदायको दैनीक कामगरी जिविकोपार्जन मा नै जिवन व्यातीत हुनुले आय श्रोत असाध्यै न्युन स्थरमा छ यसैले यहाका बेरोजगार युवा हरुलाई रोजगार बनाउने उद्देश्य सहित “पचाल झरना युवा रोजगार” नामक कार्यक्रम संञ्चालन गरी वेरोजगार हरुको वडा स्थरमा पहिचान गरी परिचालन गरीएको छ ।

- हाम्रो पालिका भरी प्रकृतिक तथा पुरातात्विक पर्यटकीय क्षेत्र हरुको पहिचान गरी यसको प्रचार प्रसार गर्नु पर्दछ ।

- ❖ पचाल झरना  विषेश पर्यटकिय योजना अनुरुप सम्पुर्ण स्थानहरुको पहिचान गरी व्यावस्थीत योजना सहित अगाडी बढाइनेछ ।
- ❖ कृषिमा व्यावसायीकरण र आधुनीकीकरणका लागि भौगोलीक भु-बनोट र हावापानिको आधारमा भुगोल बर्गीकरण गरी फलफुल तरकारी र अन्नवालीको पकेट क्षेत्र घोषणा गरीनेछ ।
- ❖ कृषिको आधुनिकीकरण लाई प्रोत्साहन दिदै निजी , सरकारी र संघ संस्थाका माध्यामबाट किसानहरुलाई तालीम मल विउ प्रवीधी कृषि उपज वस्तुहरुको व्यावस्थापन गर्दै लगीनेछ ।
- ❖ नामसारी भएको जग्गा जमिन उपयोग विना बाझै छोड्ने उत्पादन नगर्ने किसानलाई विषेश रुपमा हेरीनेछ र कहिल्यै प्रयोग नगर्ने नामसारी लिई हडपीराख्ने निती लाई विषेश ऐन वनाई खारेज गरिनेछ ।
- ❖ गाउँपालिकामा सहकारी घरघरमा रोजगारी भन्ने मान्यताका साथ सामुहीक उद्देश्य लिई खोलीएका सहकारी मार्फत गाउँपालिकामा दर्ता भएका सहकारी लाई आवश्यक विधि प्रकृया र कार्यक्रमका आधारमा कार्यक्रम बनाईनेछ ।
- ❖ जडीबुटी संकलन तथा प्रशोधन - निकासी पैठारी सम्बन्धी निश्चित मापदण्ड बनाई अगाडी बढीनेछ ।
- ❖ भेडा र बाखापलनलाई व्यावसायिक बनाउने उदेश्य सहित ६० भन्दा माथी पाल्नेलाई रु १०००। र १०० भन्दा माथि पाल्नेलाई रु २०००। गोठालो खर्च स्वरुप भत्ता प्रदान गरीने छ ।

## २) सामाजिक विकास सम्बन्धी

आजको यस २१ औ शताप्दीको बैज्ञानीक युगमा संसारको सबैभन्दा श्रेष्ट प्राणीको रुपमा मानवले आफुलाई उभ्यायको छ । श्रोत साधन को प्रयोग र परिचालनका हिसावले आफ्ना वस्तुगत आवश्यकतालाई परिपुर्ति गर्न अग्रपंतीमा छ । यो सवै बदलिदो समय क्रम सङ्गै आफुलाई बदल्न सक्नु र विकासको गति क्रमभङ्गता  अनुरुप उच्च प्रकारको चेतना स्तर निर्माण गर्न सक्नु हो । यो कुरा विज्ञान प्रविधीको प्रयोग र एकपछी अर्को शिक्षामा भएको विकासले गर्दानै हो । यसैले हामीले पनी मुख्य कुरा चेतनामा बदलिने र आधारभुत मान्यता

शिक्षा श्वास्थ्य ,गास ,बास , कपास को ग्यारेन्टी गर्ने जनसमुदायका आधारभूत समस्यहरुको सामाधान गर्ने कुरानै सामाजिक विकासमा बदल्ने कुरा हो ।

- गाउँपालिकामा शिक्षामा सुधार गर्ने उद्देश्य अनुरुप विद्यालयहरुको भौतीक संरचना शिक्षक दरबन्दी र विद्यार्थीको अवस्थाको शिक्षक दरबन्दी सिर्जना गरी समस्याको तत्कालिन समाधान गरीएकोछ । गाउँपालिका भरि ......... थप दरबन्दी कायम गरी सकिएकोछ ।
- गाउँपालिकामा एक कृषि प्राविधीक शिक्षालय भइसकेको छ अब स्नातक क्याम्पसका निम्ती यही वर्ष भित्र पहल गरीनेछ ।
- दलित एंवम ,जेहेन्दार , मिहेनती विद्यार्थीको पहिचान गरी उच्च शिक्षामा सहुलीयत आर्थिक सहयोग गरीनेछ ।
- सम्पुर्ण विद्यालयमा अनुगमन तथा निरीक्षण प्रणालीलाई व्यवस्थीत गरीनेछ । पालिकाको आवश्यकता र अनुभव आदान प्रदान गर्ने उद्देश्य सहीत शिक्षकहरुलाई तुरुन्त सरुवा गरीने छ ।
- स्वास्थ्यको क्षेत्रमा यहाँको भौगोलिक विकटता र सबैमा स्वास्थ्यको पहुँच पुर्‍याउने उद्देश्य सहीत हरेक वडा स्थरमा १ स्वास्थ्य केन्द्र संघीय सरकारको नितीलाई अवलम्वन गर्दै हाम्रो गाउँपालिकामा तत्काल ६ वटा श्वास्थ्य केन्द्रको व्यवस्थापन गरीनेछ । त्यसको लागी सोहीअनुरुप दरबन्दी सिर्जना गरी औषधीको व्यवस्थापन सहित परिचालन गरीनेछ ।
- गाउँपालिकाको जारकोटमा रहेको स्वास्थ्य चौकी लाई चौविसै घण्टा सेवा दिने गरी सुचारु गरीएको छ । त्यसको लागी आवश्यक जनशक्तीको केन्द्रीकरण, रगत जाचँ प्रयोगशाला सुरु भएको छ अब एम्वुलेन्स सेवा समेत परिचालन गरीनेछ ।
- गाउँपालिका स्थरमा १५ औ शैयाको हस्पिटल निर्माणका लागि आवश्यक पहल भएको छ जतिसक्दो अन्य प्रकृया अगाडि बढाइने छ ।
- कामगरी रहेका स्वयमसेवीका लाई धन्याबाद दिदै अहिलेको आवश्यकता र शैक्षिक योग्यताका आधारमा नयाँ व्यवस्थापन गरीनेछ ।
- खानेपानी तथा सरसफाईका सन्दर्भमा आगामी ३ वर्ष भित्र १ घर १ धाराको निती अनुरुप प्रत्येक वडामा विस्तार गर्दै लगीनेछ ।

- ❖ जनसंख्या र लैङ्गीक हिसावले समानान्तर विकासका निम्ती पछाडी परेका महिला र पछाडी परेको दलित समुदायलाई समाज निर्माणको प्रत्येक तहमा समान सहभागीता श्रम र सिपको आधुनीकीकरण गर्दै लगीनेछ ।
- ❖ मर्यादित समाज निर्माण गर्न सबै प्रकारका सामाजिक विकृती विसङ्गतीहरुलाई नियन्त्रण गरीनेछ । मध्यपान तथा जुवातास पुर्ण रुपमा निषेध गर्ने निती लिईनेछ । जसको लागि सुरक्षा निकायसगँ समन्वय गर्दै महीला तथा बालवालिकाका टिमलाई परिचालन गरीनेछ ।
- ❖ न्यायपालिका लाइ स्वच्छ ,स्वतन्त्र छिटो छरीतो र पारदर्शी बनाउदै न्यायपालिकामा जनताको पहुच सुनीस्चीत गरीनेछ ।
- ❖ गाउँपालिका उपाअध्यक्षको नेतृत्वको न्याय प्रणाली र वडा स्थरमा मेलमिलाप केन्द्र गठन गरी व्यवस्थीत गरीनेछ ।

## ३) भौतिक पुर्वाधार

समाज विकास निर्माणमा देखाउने व्यवहारीक परिणाम भनेको भौतीक पुर्वाधार हो । यसलाई व्यावस्थीत नगरी पुर्वाधार तयार हुदैन । यस क्षेत्रमा हाम्रो गाउँपालिकामा सामान्य वाट सुरुवात गरी व्यवस्थीत गाउँपालिका निर्माण गर्नुपर्ने मुल चुनौतीको रुपमा छ यसलाई व्यवस्थीत गर्न निम्न विषयमा केन्द्रीत हुन जरुरीछ ।

- ❖ गाउँपालिका हुदै वडापालिका सम्मका भवन, शिक्षा,श्वास्थ्य लगायतका भौतिक पुर्वाधारलाई व्यवस्थीत गरीनेछ ।
- ❖ २० लाख भन्दा माथीका योजनालाई वडा गौरबका योजना र ८० लाख भन्दा माथीका योजना गाउँपालिका गौरबका योजना हुनेछन् ।
- ❖ नया योजनामा ५ लाख भन्दा तलको रकम विनीयोजीत गरीने छैन । सुधार मर्मतमा मात्र ५ लाख भन्दा तलको रकम छुट्याइनेछ ।
- ❖ ४० लाख भन्दा माथीको बजेट लाई टेन्डर सिस्टमा लगीने छ सो भन्दा तलको रकममा मात्र उपभोत्ता मार्फत काम हुनेछ ।

- ❖ खनीएका सडकहरुको स्तरउन्नती गर्दै नया सडकका कार्यलाई तिव्रता दिन जरुरी छ आगामी ३ वर्ष भित्र सम्पुर्ण वस्ती हरुमा सडक सञ्जाल पुऱ्याउने लक्ष्य लिइएको छ ।
- ❖ प्रदेश सरकारवाट नानीकोट कोटीला हुदै रास्कोट नगरपालिका जोड्ने सडक र रास्कोट तिखार्ती , सर्का , ठाटी हुदै लैफु सम्मको सडकलाई यही वर्ष सुरुवात गर्न पहल गरीनेछ ।
- ❖ खाडाचक्र मान्म हुदै आएको सडकलाई खरकोट , धमाली , भङ्क , खार्दु , दागा, बाझकोट हुदै पलाता सम्मको सडक र जारकोट हुदै थिर्पु पलाता सम्मको सडक लाई यही वर्ष सुचारु गर्न प्रदेश सरकार सङ्ग माग गरीनेछ ।
- ❖ हाम्रो गाउँपालिकामा भुरावगर सर्का , भैसेशैन ठाटी , लैफु नानीकोट , घाट देखी रुच्काका सडकलाइ व्यवस्थीत र स्थर उन्नती गरी पुर्ण रुपले गाडी सञ्चालनमा ल्याउने गरी काम अगाडी बढाउनु पर्दछ ।
- ❖ यो वर्ष रुच्का देखी खरकोट हुदै पणेक्षा , कैफु देखी बाझकोट र लाफा देखी खार्दुका सडकहरुलाई विस्तार गरीनेछ ।
- ❖ मुहान र श्रोतको अभावले बन्दै गएको सुख्खा वस्तीलाई व्यवस्थीत गर्न लिप्ट सिचाई आयोजना र फोहरा सिचाइको विकास गरीनेछ ।
- ❖ साना जलविद्युत आयोजनालाई व्यवस्थीत गर्दै केन्द्रीय प्रसारण लाईन लाई पुऱ्याउन जोड्दार पहल गरीनेछ । निर्माण कार्य सुरुवात हुन लागेको फुकोट हाईड्रो पावरलाई पालिकाले गर्ने आवश्यक सहयोग गरीनेछ ।
- ❖ संचार सम्पर्कलाई व्यावस्थीत गर्दै ईन्टरनेट सेवाको निम्ती पहल गरीनेछ ।
- ❖ पक्की पुलको लागी राखीएको लक्ष्य अनुरुप जारकोटमा सर्बे भैइसकेको स्थितीमा काम सुरुवात गर्न पहल गरीनेछ । नडीडौठे पक्की पुल अध्ययन र छलफल गरी अगाडी बढाइनेछ ।
- ❖ झुलुङ्गे पुल निर्माणका निम्ती गड्खेत, घट्टेखोला र पचाल झरनाको फेदीमा अगाडी बढाउन पहल गरिने छ ।
- ❖ पञ्चवर्षिय योजनाहरुको कार्यक्रम लाई निरन्तरता दिइने छ ।

- पुर्व सम्पन्न योजनाहरुमा दुरुपयोग भएकालाई छानविन गरी दोसी उपर कारवार्हि गरीनेछ मुख्य गरी पणेक्षा नमुना बस्ती, माथिल्लो लाफागाड  लघुजलविद्युत आयोजना कोल्थे सिंचाई कुलो आदी ।

## ४) वातावरण तथा विपद् व्यवस्थापन वारे

जलवायु परिवर्तन र प्राकृतीक प्रकोप लगायतका कारण सुख्खा क्षेत्र बन्दै गएको हाम्रो गाउँपालिकालाई बन वातावरण मैत्री गाउँपालिकाको रुपमा विकास गरीनेछ ।

- वन विनास कटानी , फडानी र आगलागीलाई कडाईका साथ नियन्त्रण गरीनेछ । जथाभावी गर्ने लाई कानुनी दायरामा ल्याइनेछ ।
- बृक्षा रोपणको कार्य अनिवार्य निश्चीत स्थान हरुमा ठोस योजना निर्माण गरी अगाडी वढीनेछ ।
- जल उत्पन्न प्रकोप लगायतका सवालमा विपद् व्यावस्थापन मार्फत कोष खडा गरी कार्यक्रम संचालन गरीनेछ ।
- वाढी पहीरोको उच्च जोखीममा रहेका बस्तीहरु स्थानान्तरण गरी वस्ती वसाउनका निम्ती पहल गरीनेछ । वडा नं. ३ खार्दु गाउँ र वडाँ नं.४ कुड बस्ती मुख्य रहेका छन ।

## ५) संस्थागत विकास सेवा प्रवाह

यस गाउँपालिकाको विकास र प्रसासनिक सेवा प्रवाह सम्बन्धी कार्यलय र सुचना प्रविधी चुस्त  बनाई गाउँपालिकाको सम्पुर्ण तथ्याङ्क अभिलेखहरु इलेक्ट्रोनिक विधी द्धारा संरक्षित तथा प्रवाहित हुने गरी बढाईने छ । सुचनालाई सफ्टवेयर मार्फत गाउँपालिकाकै सफ्टवेयर निर्माण गरीनेछ ।

- मानव संसाधनको सुचाङ्कमा  पछी परेको हाम्रो गाउँपालिकामा मानव चेतना स्तर बृद्धी गर्ने गरी समग्र काम कार्वाही अगाडी वढाउनु पर्दछ । विकास केवल भौतिक विकासका लागी मात्र नभई चेतना स्थर बृद्धी गर्ने विविध तालीम प्रशिक्षण सञ्चालन गरी जनचेतना बृद्धी गर्न जरुरी छ ।

- ❖ दैनीक कार्यलाई सहज र सरल ढङ्गले अगाडी बढाउदै जनप्रतिनीधि र कर्मचारी तन्त्र सासक होइन जनताको सेवकको रुपमा काम कार्वाही अगाडी बढाउनु पर्दछ ।
- ❖ जन सुरक्षा र जन व्यवस्थापनलाई प्रभाव कारी रुपमा अगाडी बढाइने छ ।
- ❖ एकिकृत सम्पत्तीकर राजस्व , जडीवुटी संकलन र परिचालनमा व्यवस्थीत गर्दै आन्तरीक आय स्रोत बढाइनेछ ।
- ❖ छिटो छरीतो सेवा प्रवाहमा ध्यान दिदै लगनशिल , इमान्दार र कर्तव्य निष्ट कर्मचारीलाई सम्मान तथा प्रोत्साहन गरीनेछ ।

**६) विविध**

- ❖ जनप्रतिनीधीलाई जिम्मेवार र जनता प्रती उत्तरदायी वनाउने उद्देश्य सहित तालीम र गोष्ठी सञ्चालन गर्ने
- ❖ कर्मचारी दक्षता सम्बन्धी र शिक्षकहरुको विषयगत दक्षताका निम्ती पालिका स्थरमा तालीम सञ्चालन गरीनेछ ।
- ❖ डिजीट प्रर्णालीलाई व्यवस्थीत गर्दै हरेक क्षेत्रमा विस्तार गरीनेछ ।
- ❖ जन सुरक्षा र गाउँ घर वजारमा हुने चोरी ,डकैती , गुण्डागर्दी , कालोवजारी , घुसखोरी , जवरजस्ती र मानव बेचविखन जस्ता जनघन्य अपराध हरुको प्रभावकारी नियन्त्रण गरीनेछ ।
- ❖ जनयुद्ध जनआन्दोलनका घाइते योद्धाहरु अहिले पनी सरीरमा गोली वोकीरहेका सम्वेदन सिलतालाई मध्यजनर गर्दै द्वन्द पिडीत राहत कोषको माध्ययमवाट घाइते हरुको वर्गीकरण गरी उपचारमा सहयोग गरीनेछ ।
- ❖ जनयुद्ध जनआन्दोलनका महान सहिदहरुको सम्झनामा सहिद स्मारक तथा सहिद पार्कको रुपमा एक सार्वजनीक स्थानमा निर्माण गरीनेछ ।
- ❖ अनाथ वालवालीकाको व्यवस्थापन गाउँपालिका स्थरवाट गरीनेछ ।

- ❖ प्रचार प्रसारका कामलाई व्यवस्थीत गर्ने उद्देश्य सहित निश्चित एफ.एम रेडीयो र टेलिभिजन संग सहकार्य गरी जनतासंग जनप्रतिनीधी मुलक कार्यक्रम मार्फत हरेक वडा स्थरमा सार्वजनीक सुनुवाई तथा जनसुझाव र सल्लाहरुको केन्द्रीकरण गरीनेछ ।
- ❖ यही वर्षको सुरुवात संगै ऐनहरु पारित गरिसकेका छौं । अब रातो किताब छपाई कामलाई व्यवस्थीत गरीनेछ ।
- ❖ तत्कालै छिमेकी गाउँपालिका पलाताँको खाडामा भएको आगलागि घटना प्रति दुख प्रकट गर्दै हाम्रो गाउँपालिकामा पनि त्यो समास्या नआई पर्ला भन्न सकिदैन यसकारण प्रदेश, संघिय सरकार र संस्था सगको सहकार्यमा खड्मुक्त गाउँपालिका बनाउने उदेश्य सहित यही वर्षबाट सुरुवात गर्न जरुरी छ ।
- ❖ संघ संस्थाद्धारा संचालित कामकार्वाहीलाई प्रभावकारी बनाउदै परिणाम बनाउन विषेश ध्यान दिइनेछ । स्वास्थ्य संस्था तथा खानेपानी सरसफाई केन्द्रित रेडक्रसको कार्यलाई विशेष प्रथामिक्ता दिईनेछ । सम्पुर्ण संघ संस्थालाई एकद्धारा प्रणालीमा नै काम गराईनेछ ।

अन्तमा माथीका थुप्रै चुनौती पुर्ण कार्यलाई सम्भावनामा वदल्दै निश्चित उद्देश्य प्राप्तीका लागी हामी सबै जिम्मेवार भएर लाग्नेछौ । अहिलेको समयले हामीलाइ दिएको जिम्मेवारी कर्तव्य निष्ट भएर पुरा गर्नेछौ । यसको लागी यहाहरु सबैको रचनात्मक सुझाव , सल्लाह र सहयोगको अपेक्षा सहित विदा हुन्छु ।

**धन्यावाद**

**<u>प्रस्तोता</u>**

खडगराज सेजुवाल

अध्यक्ष